आज मिति २०८१ साल भदौ महिना ०४ गते बिहानको ७:०० बजे देखि बेलका नगर कार्यपालिकाको चालु आ.व.२०८१\०८२ को तेस्रो बैठक नगर प्रमुख श्री अशोक कार्की ज्युको अध्यक्षतामा र देहाय वमोजिमको उपस्थितिमा बसी देहायको निर्णयहरु गरियो।

| क्र.स. | नाम थर | पद | ठेगाना | सम्पर्क न. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | श्री अशोक कार्की | नगर प्रमुख | बे.न.पा. | | |
| २ | श्री जिरा राई | नगर उप-प्रमुख | बे.न.पा. | | |
| ३ | श्री दिनेश्वर प्रसाद चौधरी | वडा अध्यक्ष | बे.न.पा.१ | ९८४२८३५१९० | |
| ४ | श्री प्रेम बहादुर दाहाल | वडा अध्यक्ष | बे.न.पा.२ | | |
| ५ | श्री टंक प्रसाद आचार्य | वडा अध्यक्ष | बे.न.पा.३ | | |
| ६ | श्री तिर्थ राज अधिकारी | वडा अध्यक्ष | बे.न.पा.४ | ९८५१०६४८९५ | |
| ७ | श्री दिपक राज रेग्मी | वडा अध्यक्ष | बे.न.पा.५ | | |
| ८ | श्री वसन्त कुमार मगर | वडा अध्यक्ष | बे.न.पा.६ | ९८४२८१५००३ | |
| ९ | श्री निकेश राई | वडा अध्यक्ष | बे.न.पा.७ | | |
| १० | श्री जय कुमार राई | वडा अध्यक्ष | बे.न.पा.८ | ९८१९३२६६६० | |
| ११ | श्री सन्तोष थापा | का.वा.वडा अध्यक्ष | बे.न.पा.९ | | |
| १२ | श्री चन्द्रकला परियार | का.पा.स. | बे.न.पा. | | |
| १३ | श्री बिष्णु कुमारी परियार | का.पा.स. | बे.न.पा. | | |
| १४ | श्री नानीमैया खतिवडा | का.पा.स. | बे.न.पा. | | |
| १५ | श्री निर्मला बि.क. | का.पा.स. | बे.न.पा. | | |
| १६ | श्री राजेन्द्र परियार | का.पा.स. | बे.न.पा. | | |
| १७ | श्री सरिता बिश्वकर्मा | का.पा.स. | बे.न.पा. | 9825720804 | |
| १८ | श्री निर बा.विश्वकर्मा | का.पा.स. | बे.न.पा. | | |
| १९ | श्री पुरुषोत्तम घिमिरे | प्र.प्र.अ. | बे.न.पा. | | |

अन्य उपस्थिति

| | | | | | |
|---|---|---|---|---|---|
| २१ | श्री रवि किरण आचार्य | अ.स्तर सातौं | बे.न.पा. | | |
| २२ | श्री सन्जय रेग्मी | अ.स्तर छैटौं | बे.न.पा. | ९८६५६५८५८९ | |
| २३ | श्री | | | | |
| २४ | श्री | | | | |
| २५ | श्री | | | | |

बेलका नगरपालिका, उदयपुर

आर्थिक वर्ष: २०८१/८२

नगर कार्यपालिका बैठक संख्याः ४

मिति २०८१/०५/०४ गते बिहानको ०७ : ०० बजे

प्रस्तावहरू

१. सवारी चालक अनुमतिपत्र (लाइसेन्स) अनिवार्य गर्ने सम्बन्धमा ।

२. सवारी साधन नवीकरण तथा बीमा सम्बन्धमा ।

३. विद्युतीय हाजिरी प्रणाली जडान तथा मापदण्ड सम्बन्धमा ।

४. उच्च अदालत, बिराटनगरको २०८१/०४/३१ को उत्प्रेषणयुक्त परमादेशमा नगरपालिकाको तर्फबाट वारेस तोक्ने सम्बन्धमा ।

५. विषयगत समितिको बैठक नियमित गर्ने सम्बन्धमा ।

६. विद्युत महशुलको जरिवाना तथा विलम्ब शुल्क सम्बन्धमा ।

७. नगरपालिकालाई विपक्षी बनाई दर्ता भएका मुद्दाको प्रकृति तथा गरिने बहसको प्रतिवेदन सम्बन्धमा ।

८. वडा समितिको निर्णय सम्बन्धमा ।

९. १० शैय्या नगर अस्पतालको प्रगति समीक्षा सम्बन्धमा ।

१०. सूचनाको हक सम्बन्धी ऐन तथा नियमावली कार्यान्वयन सम्बन्धमा ।

११. IEE सम्बन्धी राय सहितको प्रगति समीक्षा सम्बन्धमा ।

१२. नदीजन्य पदार्थको जफत गरिएको प्राविधिक प्रतिवेदन सम्बन्धमा ।

१३. श्री लालीगुराँस आ.वि. मा रहेका इन्भर्टर तथा ब्याट्री व्यवस्थापन सम्बन्धमा ।

१४. राष्ट्रिय परिचयपत्र सहजीकरण टोलीको म्याद सम्बन्धमा ।

१५. आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन सम्बन्धमा ।

१६. सवारी साधन मर्मत सम्बन्धमा (सशस्त्र प्रहरी तथा राष्ट्रिय अनुसन्धान) ।

१७. कार्यविधि सम्बन्धमा ।

(क) खेलकुद एकेडेमी सञ्चालन कार्यविधि, २०८१

१८. खेलकुदमा खेलाडी छनौटका लागि खेलमैदान मर्मत सम्बन्धमा ।

१९. क्रिकेट तथा तेक्वान्दो खेलकुद सञ्चालन गर्ने प्रस्तावना सम्बन्धमा ।

२०. नदीमा प्रयोग हुने विषादी सम्बन्धमा ।

२१. राजस्व परामर्श समितिको सिफारिस सम्बन्धमा ।

अशोक कार्की

नगर प्रमुख

अशोक कार्की
नगर प्रमुख

बेलका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामपुर, उदयपुर
कोशी प्रदेश, नेपाल
२०७३

पुरुषोत्तम घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १** प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगरपालिकाको स्वामित्वमा रहेका सरकारी सवारी साधन (मोटरसाइकल तथा स्कुटर) प्रयोगकर्ताहरूसँग सवारी चालक अनुमतिपत्र (लाइसेन्स) अनिवार्य रुपमा माग गर्ने र लाइसेन्स पेश नगर्ने कर्मचारी तथा पदाधिकारीहरूलाई सरकारी सवारी साधन तथा ईन्धनको सुविधा उपलब्ध नगराउने निर्णय गरियो ।

**निर्णय नं. २** प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकाको स्वमित्वमा रहेका सवारी साधन (मोटरसाइकल, स्कुटर तथा मोपेड) को नवीकरण तथा बीमा गर्नका लागि सम्बन्धित सवारी चालकलाई निर्देशन दिने र सोको रकम भुक्तानी नगरपालिकाले दिने निर्णय गरियो ।

**निर्णय नं. ३** प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिका तथा अन्तर्गतका कार्यालयहरूमा कार्यरत कर्मचारीहरूको हाजिरी नियमित गर्नका लागि पहिलो चरणमा नगरपालिका तथा वडा कार्यालयहरूमा विद्युतीय हाजिरी प्रणाली जडान गर्ने र सोको मासिक प्रतिवेदन नगरपालिकाको सुशासन समिति तथा नगर कार्यपालिकाको बैठकमा पेश गर्ने साथै ८५ प्रतिशत भन्दा कम हाजिर हुने कर्मचारीको तलब भत्ता रोक्का गर्ने निर्णय गरियो । सो कार्य व्यवस्थापनका लागि विद्युतीय हाजिरी सम्बन्धी आवश्यक उपकरण तथा software खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४** प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस बेलका नगरपालिका वडा नं. ४ स्थित माँ चन्द्र कन्ट्रक्सन प्रा.लि. का सञ्चालक ऐ.ऐ. बस्ने वर्ष ३७ को अनिल आचार्य समेत निवेदक र बेलका नगरपालिकाको कार्यालय समेत प्रत्यर्थी भएको उत्प्रेषण परमादेशसमेत मुद्दामा यस नगरपालिकाको कार्यालयका तर्फबाट छलफलमा भाग लिन, तारेखमा बस्न तथा बहस पैरवी लगायतका कार्य गर्नका लागि यस नगरपालिकाका कानूनी सल्लाहकार अधिवक्ता श्री सुरेन्द्र बस्नेतलाई प्रतिनिधि तोकि अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५** प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिकाका विभिन्न विषयगत समितिहरू (सामाजिक विकास समिति, आर्थिक विकास समिति, वातावरण तथा विपद व्यवस्थापन समिति र पूर्वाधार विकास समिति) र नगर सभा अन्तर्गतका समितिहरू (विधायन समिति, लेखा समिति र सुशासन समिति) साथै राजस्व परामर्श समिति र अनुगमन समिति समेतको बैठक अधिकतम १५ दिनमा १ पटक बस्ने र सो विषयगत समितिको बैठकका निर्णय तथा सिफारिसहरू नगर प्रमुख मार्फत नगर कार्यपालिकामा प्रस्तावको रुपमा पेश गर्ने व्यवस्था मिलाउने निर्णय गरियो । साथै प्रत्येक नगर कार्यपालिका बैठकमा विषयगत समितिका बैठकको निर्णयहरू अनिवार्य रुपमा पेश गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ६** प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिकामाथि व्ययभार हुने गरी भुक्तानी हुने विद्युत महशुल (नगरपालिका, वडा कार्यालय तथा स्वस्थ्य चौकीहरू) ले विद्युत महशुलको बिल प्राप्त

अशोक कार्की
नगर प्रमुख

भएको मितिमै नगरपालिकामा पेश गर्ने र ढिलाई गरी जरिवाना तथा विलम्ब शुल्क तिर्नु परेमा सम्बन्धित जिम्मेवार पदाधिकारीबाट असुल उपर गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७** प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस बेलका नगरपालिकालाई विपक्षी बनाई दर्ता हुने मुद्दाका सम्बन्धमा बहस पैरबी तथा अन्य कार्यका लागि नगरपालिकाबाट अख्तियारीनामा लिई जाने कानूनी सल्लाहकारले मुद्दाको अध्ययन प्रतिवेदन मुद्दासँग सम्बन्धित विषयगत समितिमा पेश गर्ने साथै छलफल वा लिखित जवाफ पश्चात समेत सम्वन्धित समितिको बैठकमा प्रगति प्रतिवेदन पेश गर्ने/गराउने निर्णय गरियो ।

**निर्णय नं. ८** प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस नगरपालिकाका वडा कार्यालयबाट आर्थिक दायित्व सिर्जना हुने गरी आएका निर्णय तथा सिफारिसहरू नगर कार्यपालिका बैठकबाट अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९** प्रस्ताव नं. ९ माथि छलफल गर्दा बेलका नगरपालिका वडा नं. ६ मा निर्माण हुने १० शैय्या आधारभूत अस्पताल निर्माणका लागि हालसम्म नगरपालिकाले गरेका प्रयास तथा हालसम्मको प्रगतिका विषयमा नगर कार्यपालिका समक्ष जानकारी तथा समीक्षा गरियो । साथै मन्त्रीपरिषदको मिति २०७९/११/३० को निर्णय अनुसार निर्माणस्थलमा जग्गा खरिद तथा सट्टाभर्ना गर्नका लागि २ वर्षको म्याद दिइएकोमा यथाशीघ्र जग्गा खरिद तथा सट्टाभर्ना कार्य समयमै सम्पन्न गरी निर्माण कार्य थालनी गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०** प्रस्ताव नं. १० माथि छलफल गर्दा बेलका नगरपालिकामा सूचनाको हकसम्वन्धी ऐन, २०६४ बमोजिम विभिन्न विषयमा सूचना माग भएको र माग भएका सूचनामध्ये कतिपय सूचनाहरू प्राथमिक सूचना अन्तर्गत रही तत्काल उपलब्ध गराउन सकिने र कतिपय सूचनाहरू द्वित्तीय सूचना अन्तर्गत रही निर्माण गर्नुपर्ने भएकाले सूचना मागकर्तालाई नगरपालिकामा छलफलका लागि बोलाई सूचनाको वर्गीकरण सम्बन्धी व्यवस्था जानकारी गराउने साथै मागकर्तालाई प्राथमिक सूचनाहरू तत्काल उपलब्ध गराउने र द्वित्तीय सूचनाहरू निर्माण भएपश्चात उपलब्ध गराउने निर्णय गरियो । साथै नगरपालिकाले उपलब्ध गराएका सूचनाको दुरुपयोग भएको पाइएमा सम्वन्धित व्यक्तिलाई सचेत गराउने तथा कारवाहीका लागि सिफारिस गरी पठाउने समेत निर्णय गरियो ।

**निर्णय नं. ११** प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस नगरपालिकाका विभिन्न खोलाहरूमा नदीजन्य पदार्थ उपयोग तथा व्यवस्थापनका लागि गरिने IEE सम्ब्रन्धी हालसम्मको प्रगतिको यस कार्यपालिकामा समीक्षा गरियो । साथै सम्बन्धित विषयगत समितिलाई ७ दिनभित्र सम्वन्धित सरोकारवालाहरूको राय सहित सो कार्यको प्रगति प्रतिवेदन पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

अशोक कार्की
नगर प्रमुख

**निर्णय नं. १२** प्रस्ताव नं. १२ माथि छलफल गर्दा बेलका नगरपालिका वडा नं. ५ स्थित गिँदेरी खोलामा उत्खनन् गरी भण्डारण तथा जफत गरिएको नदीजन्य पदार्थको परिमाण यकिन गरी प्राविधिक प्रतिवेदन पेश गर्नका लागि नगरपालिकाको पूर्वाधार विकास शाखालाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. १३** प्रस्ताव नं. १३ माथि छलफल गर्दा बेलका नगरपालिका वडा नं. ७ स्थित श्री लालीगुराँस आधारभूत विद्यालयमा खरिद भएको इन्भर्टर तथा व्याट्री हाल प्रयोगमा नरहेको र प्रयोग नगर्दा बिग्रन सक्ने सम्भावना भएकाले सो सामग्रीहरू नगरपालिकामा ल्याई व्याक अपको रुपमा प्रयोग गर्नका लागि विद्यालय प्रशासनसँग समन्वय गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४** प्रस्ताव नं. १४ माथि छलफल गर्दा जिल्ला प्रशासन कार्यालय, उदयपुरबाट यस नगरपालिकामा राष्ट्रिय परिचयपत्र दर्ता सम्बन्धी कार्यमा सहजीकरण गर्न खटाइएका दर्ता अपरेटरहरूलाई फिर्ता गरिदिन भनी जिल्ला प्रशासन कार्यालयबाट अनुरोध भई आएको हुँदा उक्त सेवा लिन बाँकी सेवाग्राहीहरूलाई ७ दिनभित्र नगरपालिकामा आई राष्ट्रिय परिचयपत्र दर्ता गरिसक्न भनी प्रत्येक वडाबाट सार्वजनिक सूचना जारी गर्ने निर्णय गरियो । साथै सो ७ दिनमा भएको कार्यबोझको आधारमा दर्ता अपरेटरलाई फिर्ता पठाउने/नपठाउने निर्णय लिने निर्णय गरियो ।

**निर्णय नं. १५** प्रस्ताव नं. १५ माथि छलफल गर्दा बेलका नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०८० लाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र सोका लागि नगरपालिकाले प्रयोग गर्दै आएको इन्धन व्यवस्थापन प्रणाली (FMIS) लाई आन्तरिक नियन्त्रण प्रणालीका मापदण्ड अनुसार छाँटकाँट (Customize) गरी लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६** प्रस्ताव नं. १६ माथि छलफल गर्दा सशस्त्र प्रहरी क्याम्प, डुडखोला तथा राष्ट्रिय अनुसन्धान कार्यालय, उदयपुरबाट सो कार्यालयहरूको सवारी साधन मर्मत गरिपाउँ भनी माग भएकोमा सोको अवस्था र नगरपालिकाको बजेटको समेत विश्लेषण गरी आगामी कार्यपालिकाबाट निर्णय लिने निर्णय गरियो ।

**निर्णय नं. १७** प्रस्ताव नं. १७ माथि छलफल गर्दा नगरपालिकाको खेलकुद विकास समितिद्वारा तर्जुमा भई कार्यपालिका समक्ष पेश हुन आएको खेलकुद एकेडेमी सञ्चालन कार्यविधि, २०८१ राय सुझाव सहित नगरपालिकामा पेश गर्न भनी छलफलका लागि विधायन समितिमा पठाउने निर्णय गरियो ।

**निर्णय नं. १८** प्रस्ताव नं. १८ माथि छलफल गर्दा विभिन्न खेलकुदमा यस बेलका नगरपालिकाबाट सहभागी हुने खेलाडी छनौट गर्नुपर्ने र सोका लागि खेलमैदान मर्मत गर्नुपर्ने भएकाले खेलमैदान मर्मतको लागत अनुमान (इस्टिमेट) तयार गरी नगरपालिकाले जे.सि.भि. र ट्याकटर उपलब्ध गराउने तथा ईन्धनको व्यवस्था खेलकुद विकास समितिले गर्ने निर्णय गरियो ।

अशोक कार्की
नगर प्रमुख

बेलका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामपुर, उदयपुर
कोशी प्रदेश, नेपाल

पुरुषोत्तम घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १९** प्रस्ताव नं. १९ माथि छलफल गर्दा बेलका नगरपालिकामा क्रिकेट तथा तेक्वान्दो खेलकुद सञ्चालन गर्ने सम्बन्धी नगरपालिकाको खेलकुद विकास समितिले तयार पारेको प्रस्तावना अनुसार प्राविधिक तथा आर्थिक सहयोगका लागि युवा तथा खेलकुद मन्त्रालय तथा अन्य सम्बन्धित निकायमा अनुरोध तथा सिफारिस गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. २०** प्रस्ताव नं. २० माथि छलफल गर्दा यस बेलका नगरपालिकाका विभिन्न नदीहरूमा माछा मार्ने तथा अन्य प्रयोजनका लागि विष विषादी प्रयोग भई नदीका जलचरमाथि गम्भिर असर परेको र नदी र वातावरण समेत हुने गरेकाले नगरपालिका क्षेत्रभित्रका नदीहरूमा विष प्रयोग नगर्न भनी वडा कार्यालयहरूबाट सार्वजनिक सूचना प्रकाशन गर्ने र सो कार्यका लागि नेपाल प्रहरीबाट समेत सहयोग लिने निर्णय गरियो ।

**निर्णय नं. २१** प्रस्ताव नं. २१ माथि छलफल गर्दा बेलका नगरपालिका, राजस्व परामर्श समितिको बैठकबाट सिफारिस भई आएका तपशील बमोजिमका निर्णयहरूलाई यस बैठकद्वारा अनुमोदन गरियो ।

**तपशीलः**

(क) पशुचौपाया विक्रि वितरण तथा निकासी, रामपुर सासाहिक हाटबजार र लालबजार, सुपाडे र शिखरमाडी हाटबजार आ.व. २०८१/८२ का लागि ठेक्का HDR कन्स्ट्रक्सन प्रा.लि. ले निम्नानुसार लिएको हुँदा बेलका नगरपालिका र प्रा.लि. बीच द्विपक्षीय सम्झौता गर्ने,

| क्र.सं | विवरण | न्यूनतम कबोल अङ्क (मु.अ.कर बाहेक) | कबोल अङ्क (मु.अ.कर बाहेक) |
|---|---|---|---|
| १. | पशुचौपाया विक्रि वितरण तथा निकासी | ६,६०,०००।- | ६,६७,०००।- |
| २. | रामपुर सासाहिक हाटबजार | २,००,०००।- | २,००,१००।- |
| ३. | लालबजार, सुपाडे, शिखरमाडी सासाहिक हाटबजार | १,१०,०००।- | १,१०,१००।- |

(ख) बेलका नगरपालिकाको भालमन्ती खोलाबाट उत्खनन् गरी सङ्कलन गरिएको बालुवा निम्नानुसार २०८१ असार १२ मा स्टक प्रमाणित गरिएकोमा निम्नानुसार असार महिनाभरी विक्रि भएको र बाँकी रहेको परिमाण कोशी प्रदेशको आर्थिक ऐन, २०८१ बमोजिम राजस्व लिई विक्रिका लागि अनुमति दिने,

| क्र.सं. | ठेक्का लागेको खोला | सम्झौता परिमाण (घ.मि.) | ८१/२/३१ सम्म विक्रि भएको परिमाण | स्टक प्रमाणित परिमाण | असारमा विक्रि परिमाण | बाँकी मौज्दात र राजस्व रकम |
|---|---|---|---|---|---|---|
| १. | भालमन्ती खोला | गिट्टी ६६० र बालुवा १५४० | गिट्टी ६६० र बालुवा ७४२.५ | बालुवा ७५९ | बालुवा १५०.५ | बालुवा ६०८.५, रु १०,७४७ (मुअकर बाहेक) |

अशोक कार्की
नगर प्रमुख